अनुसुची- ११
(दफा ९ को उपदफा (३) सँग समम्बन्धित)

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

**नयाँ शहर आयोजना समन्वय कार्यालय, बबरमहल, काठमाडौं**

सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

सूचना नं. १

प्रथम पटक प्रकाशित मितिः-२०८१।१२।०४

यस नयाँ शहर आयोजना समन्वय कार्यालयमा मौज्दामा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले देहायका शर्तहरुको अधिनमा रही बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. ईच्छुक बोलपत्रदाताहरुले यस कार्यालयको जिन्सी शाखाबाट आवश्यक जानकारी हासिल गर्ने वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन।
२. ईच्छुक बोलपत्रदाताले मिति २०८१।१२।१० गते सम्म कार्यालय समय भित्र फिर्ता नहुने गरी रु. १०००।—एक हजार रुपैयाँ रकम राष्ट्रिय बाणिज्य बैङ्क सिंहदरबार स्थित यस कार्यालयको राजश्व खाता नं. १०००१००२०००१०००० कार्यालय कोड नं. ३४७१३५०२ राजश्व शिर्षक नं. १४२२९मा बुझाई सक्कल राजश्व दाखिला भौचर सहित, बोलपत्रदाताको फर्म दर्ता प्रमाणपत्र वा ईच्छुक व्यक्ति भएमा नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी बोलपत्र फारम खरिदका लागि निवेदन पेश गर्नुपर्नेछ।
३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले ७ औ दिनको ५:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ।
४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु ८ औ दिनको ११:०० बजे उपस्थितिमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।
५. लिलाम बिक्री हुने सम्पति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समय भित्र जिन्सी शाखामा सम्पर्क राख्नु पर्नेछ।
६. बोलपत्रदाताले बोलपत्रसाथ जमानत बापत आफुले कबोल गरेको दररेट अनुसारले हुन आउने कूल रकमको दश प्रतिशत रकम कोष तथा लेखा नियन्त्रण कार्यालयको नाममा नेपाल राष्ट्र बैङ्क शाखामा रहेको धरौटी खाता नं. १२०१२००००१००२५२४ मा जम्मा गरी सोको सक्कल बैङ्क भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तिमा नब्बे दिन म्याद भएको बैङ्क जमानत (विड वण्ड) पेश गर्नुपर्नेछ।
७. बोलपत्रदाताले बोलपत्र भर्दा सबै आइटमको एकै प्याकेजमा भर्नु पर्नेछ। बोलपत्र स्वीकृत गर्दा प्याकेजगत रुपमा नै सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।
८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ।
९. यसमा नखुलेको अन्य विषयहरु नेपाल सरकारबाट स्वीकृत "सरकारी सम्पति तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यविधि,२०७९" को बोलपत्र सम्बन्धि शर्तहरुको परिच्छेदमा उल्लेख भए अनुसार हुनेछ।

एकराज अधिकारी
आयोजना निर्देशक/सु.ई.